सुदूरपश्चिम विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

**महेन्द्रनगर, कञ्चनपुर**

## दोस्रो दीक्षान्त समारोह (२०७८) मा भाग लिन फाराम भर्ने सम्बन्धी सूचना

<u>वि.सं. २०७४ साल असोज ०१ गतेदेखि वि.सं. २०७८ भाद्र ३१ गतेसम्म तदनुसार सन् २०१७ सेप्टेम्बर १७ देखि सन् २०२१ सेप्टेम्बर १६ सम्ममा</u> सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरुले मात्र भर्न पाउने ।

सुदूरपश्चिम विश्वविद्यालयद्वारा आयोजना गरिने दोस्रो दीक्षान्त समारोहमा भाग लिन माथि उल्लेख भए बमोजिमका तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिइसकेका इच्छुक विद्यार्थीहरुले सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, महेन्द्रनगर, कञ्चनपुर र देहाय बमोजिम तोकिएका क्याम्पसहरुमा मिति २०७८ माघ १९ गते बुधबार देखि २०७८ साल फाल्गुन १९ गते बिहिबार सम्म आईपुग्ने गरी निम्नानुसार रित पुऱ्याई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवेदन फाराम भर्न सकिने कार्यालय/क्याम्पसहरु :</u>

क) सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, महेन्द्रनगर, कञ्चनपुर
ख) श्री दार्चुला बहुमुखी क्याम्पस, खलंगा, दार्चुला
ग) श्री गोकुलेश्वर बहुमुखी क्याम्पस, गोकुलेश्वर, दार्चुला
घ) श्री जगन्नाथ बहुमुखी क्याम्पस, गोठलापानी, बैतडी
ङ) श्री टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, कैलाली
च) श्री दुर्गालक्ष्मी बहुमुखी क्याम्पस, अत्तरिया, कैलाली
छ) श्री जयपृथ्वी बहुमुखी क्याम्पस, भोपुर, बझांग
ज) श्री बडीमालिका क्याम्पस, बुढीगंगा, बाजुरा

१. आवेदन फाराम मिति २०७८ माघ १९ गते बुधबार देखि वितरण गरिनेछ ।

२. आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालयको वा सम्बन्धित फाराम संकलन केन्द्रको बैंक खातामा रु. ५०।- (अक्षरेपी पचास मात्र) जम्मा गरी परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगर वा सम्बन्धित केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।

३. आवेदन फाराम बुझाउँदा ट्रान्सक्रिप्ट सहित ग्रेस नम्बर चेक गराएर मात्र बुझाउनु पर्नेछ । आवेदन फारामका साथ एम.आर.पि. (MRP) साइजको फोटो दुई प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा ट्रान्सक्रिप्टको प्रतिलिपि अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।

४. आवेदन फाराम ग्रेस नम्बर चेक गराई ग्रेस नम्बर प्राप्त भएपछि मात्र दीक्षान्त सहारोहमा सहभागी हुनका लागि दीक्षान्त शुल्क तथा गाउन/स्कार्फको धरौटी वाफत देहाय बराबर रकम परीक्षा नियन्त्रण कार्यालयको नेपाल बैंक लिमिटेड महेन्द्रनगर शाखामा रहेको हिसाब नम्बर १५६००१०६८७४६६९००००००१ वा नविल बैंक लिमिटेड महेन्द्रनगर शाखामा रहेको हिसाब नम्बर २९०१०१७५००४२४ मा जम्मा गरेको भौचर संलग्न गरी सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, महेन्द्रनगर वा सम्बन्धित फाराम संकलन केन्द्रमा जम्मा गर्नुपर्नेछ ।

### शुल्क विवरण

| तह | दीक्षान्त शुल्क रु. (फिर्ता नहुने) | गाउन/स्कार्फ/टोपीको धरौटी रु. (फिर्ता हुने) | जम्मा रु. |
|---|---|---|---|
| क) स्नातक | १,५००।- | २,५००।- | ४,०००।- |
| ख) स्नातकोत्तर | २,०००।- | २,५००।- | ४,५००।- |

५. सक्कल बैंक भौचरसहित आवेदन फाराम सु.प.वि.प.नि.का. वा फाराम संकलन केन्द्रमा बुझाउनु पर्नेछ । आवेदन फाराम बुझाएपछि आम्दानी रसिद र ग्रेस नम्बर उल्लेख गरिएको आवेदन फाराम सँगै रहेको दीक्षान्त स्लिप अनिवार्य रुपमा लिनु पर्नेछ । क्याम्पसहरुमा आवेदन फाराम बुझाएको अवस्थामा आम्दानी रसिद आवेदन फाराम कार्यालयमा प्राप्त भएपछि निजलाई गाउन/स्कार्फ/टोपी लिन आउँदा दिइनेछ ।

६. उपर्युक्त बमोजिम रित नपुगेका, ग्रेस लिष्टमा नाम नपरेका र ग्रेस लिष्ट चेक नगराई आवेदन दिएका विद्यार्थीहरुको आवेदन स्वीकृत हुने छैन र आवेदन फाराम भरिसकेका तर म्याद भित्र बुझाउन नआएका विद्यार्थीहरुको आवेदन फाराम बुझिलिइने छैन ।

७. अभिभावक सरिक गराउने भएमा थप शुल्क रु. २५०।- (फिर्ता नहुने) लाग्नेछ ।

८. दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

९. दीक्षान्त समारोहमा भाग लिन दीक्षान्त शुल्क तथा धरौटी दुबै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

१०. दीक्षान्त सम्बन्धी थप जानकारीका लागि परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट **www.fwuexam.edu.np** मा हेरेर वा टेलिफोन नम्बर ०९९-५२०६७१, ०९९-५२६२४३ मा सम्पर्क गरेर बुझ्न सकिनेछ ।

दिव सिंह नाथ
परीक्षा नियन्त्रक

२०७८/१०/९